कालिमाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, सल्यान

कर्णाली प्रदेश, नेपाल ।

## कृषि/पशु प्राविधिक सहायक पदमा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति:- २०८०/०६/१० गते)

यस कार्यालयको मिति २०८०/०६/०९ गतेको निर्णयानुसार कालिमाटी गाउँपालिका अन्तर्गत रहेको कृषि शाखा र पशु सेवा शाखामा रिक्त तपसिल बमोजिमको पदमा खुला प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्तिका लागि निम्न योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल:</u>

१.माग गरिएको पदको विवरण:

| क्र.स. | विज्ञापन नं. | पद | सेवा | समूह | तह | माग संख्या |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०८०/८१ | प्राविधिक सहायक | कृषि | - | पाँचौ | १ |
| २. | ०२/२०८०/८१ | नायब पशु स्वास्थ्य प्राविधिक | कृषि | भेटेरिनरी | चौथो | १ |
| ३. | ०३/२०८०/८१ | नायब पशु सेवा प्राविधिक | कृषि | ला.पो. एण्ड डे.डे. | चौथो | २ |

२.आवश्यक न्यूनतम योग्यता र अनुभव:

अ. कृषि सेवा प्राविधिक सहायक पदको हकमा न्यूनतम शैक्षिक योग्यता:

क. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा कृषि विज्ञान विषय लिई प्रविणता प्रमाणपत्र तह (आइ.एस.सी.एग्री. I.Sc.Ag.) उतिर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उतिर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विषयको डिप्लोमा उतिर्ण वा जे.टी.ए. कोर्ष उतिर्ण गरी कृषि विज्ञानमा एक वर्षे जे.टी. कोर्ष उतिर्ण गरेको ।

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने । (महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको)

आ. कृषि सेवा भेटेरिनरी/ला.पो. एण्ड डे.डे. समूह नायब पशु स्वास्थ्य प्राविधिक/नायब पशु सेवा प्राविधिक पदको हकमा न्यूनतम शैक्षिक योग्यता:

क. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा एस.एल.सी. उतिर्ण गरी न्यूनतम १ (एक) वर्षे जे.टी.ए. (पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टी.एस.एल.सी. उतिर्ण गरेको ।

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने ।(महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको)

३.दरखास्त दिने स्थान: कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय रामपुर, सल्यान ।

४.दरखास्त दिने अन्तिम मिति: २०८०/०६/२४ गते कार्यालय समयभित्र । यदि दरखास्त पेश गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र ।

५.आवेदन दस्तुर: पाँचौ तहका लागि रु. ७००/- (अक्षरुपी सात सय मात्र) र चौथो तहका लागि रु. ५००/- (अक्षरुपी पाँच सय मात्र)

६.छनौटको किसिम: लिखित परिक्षा र अन्तरवार्ता ।

७.आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु: आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु

क. नागरिकता　　ख. न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र　　ग. चारित्रिक प्रमाण पत्र

घ. तालिम लिएको भए सो को प्रमाण पत्र　　ङ. अनुभव भए सोको कागजात　　च. पासपोर्ट साईजको फोटो २ प्रति ।

८.सेवा सुविधा तथा अन्य: गाउँ कार्यपालिकाले तोके बमोजिम ।

.................

कृष्ण प्रसाद पौड्याल

प्रमुख प्रशासकीय अधिकृत

(नोट: आवेदनको ढाँचा र अन्य जानकारी कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय रामपुर, सल्यान तथा कार्यालयको वेबसाइट www.kalimatimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।)